**Kaladarpan | Volume : 5 | No.: 1 | 2025, January, Pages 46-55**

DOI : https://doi.org/10.3126/kaladarpan.v5i1.74732

# ‘अणिमा’ का लघुकथामा विश्वदृष्टि

**ईश्वरा पौडेल**
**उपप्राध्यापक**
ishwaraojha@gmail.com

## लेखसार

प्रस्तुत लेख ‘अणिमा’मा सङ्गृहीत लघुकथामा निहित विश्वदृष्टिको विश्लेषणमा केन्द्रित रहेको छ । विश्वदृष्टि निश्चित वर्ग वा समूहको कर्मचिन्तन, भावना र विचारको समष्टिलाई मानिन्छ । यसमा व्यक्तिका नभई समूहका भावना र विचारको समग्र प्रतिनिधित्व भएको हुन्छ । नेपाली समाजका समकालीन विचारको अभिव्यक्ति भएका चौसट्ठी ओटा लघुकथा समावेश भएको अणिमाका कथाभित्र निहित विश्वदृष्टिको खोजी गर्ने यस लेखको उद्देश्य रहेको छ । मूलतः पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरी तयार पारिएको यस लेखमा सामग्रीको विश्लेषण वर्णनात्मक विधिमा गरिएको छ । नेपाली समाजमा आम रूपमा भोगिएका यथार्थताको समानधर्मिता र समकालीन समाजका विसङ्गतिप्रतिको विरोधपूर्ण सामूहिक विचार रहेका ‘अणिमा’ का लघुकथा समाजसापेक्ष र प्रभावकारी देखा परेका छन् ।

**शब्दकुञ्जी** : वर्गदमन, वर्चस्व, विश्वबोध, समानधर्मिता, सामूहिक विचार ।

## विषयपरिचय

*अणिमा* विभिन्न विषयका चौसट्ठी ओटा लघुकथा समाविष्ट भएको कपिलदेव लामिछानेको लघुकथामा सङ्ग्रह हो । *अणिमा*का लघुकथामा नेपाली समाजका सूक्ष्मातिसूक्ष्म घटना, परिस्थिति र विचारलाई कथात्मक चित्रण गरिएको छ । यी कथामा नेपाली समाजमा रहेको कुप्रवृत्ति, राज्यसंयन्त्रको फितलोपना र नागरिकको गुनासो तथा सहरकेन्द्रित बसाइँसराइका कारण गाउँमा सिर्जित अवस्थासम्बन्धी सामाजिक दृष्टिकोण पाइन्छ । नेपाली समाजमा रहेको सामन्ती शोषण र शोषक वर्गले निमुखा, गरिबमाथि गरेको अन्याय र अत्याचारको विरोध यी कथामा भएको छ र विगतमा भएका त्यस्ता अमानवीय र यातनापूर्ण क्रुर प्रवृत्तिका विरुद्ध सङ्घर्ष र विद्रोहको ज्वाला यी लघुकथामा देखिन्छ । समसामयिक रुपमा आइपरेका समस्या र गाउँलाई माया मारेर परदेसिने प्रवृत्तिप्रतिको चिन्ता र चासो भएका यहाँका कथामा नेपालीमा बढ्दै गएको स्वार्थी र पलायनवादी सोचको पनि प्रतिविम्बन भएको छ । समग्रमा हेर्दा सामाजिक रुपमा देखिएका वेथिति र वस्तुगततताप्रतिको सामूहिक चिन्तन यी लघुकथामा रहेको देखिन्छ । अतः *अणिमा*का लघुकथाहरू विश्वदृष्टिको आधारमा अध्ययनीय रहेका छन् । यहाँ विश्वदृष्टिअन्तर्गत समानधर्मिता र सामूहिक विचार गरी दुई ओटा सूचकका आधारमा अणिमाका कथाहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

विश्वदृष्टि भन्नाले कुनै निश्चित सामाजिक समूहको ऐतिहासिक र सांस्कृतिक अनुभवको अभिव्यक्तिगत समग्रता भन्ने बुझिन्छ । विश्वदृष्टिमा समाजमा रहेका खास समूह वा वर्गको चेतनालाई एकीकृत पारेर हेरिन्छ । विश्वदृष्टिसम्बन्धी मान्यता फ्रान्सेली समाजशास्त्री तथा मार्क्सवादी दार्शनिक लुसिएँ गोल्डमान (सन् १९१३ - १९७०) ले स्थापित गरेका हुन् । गोल्डमानले

विश्वदृष्टिलाई मानिसहरूको चेतनाको समग्रता र उनीहरूको ऐतिहासिक, सांस्कृतिक र सामाजिक अवस्थाबाट उत्पन्न हुने स्थूल दृष्टिकोण मानेका छन् । समाजमा रहेको कुनै खास वर्ग वा समूहको कुनै विषयप्रतिको सुसङ्गत विचार वा दृष्टिकोणलाई विश्वदृष्टि भनिन्छ । विश्वदृष्टिले चेतनाका माध्यमले साहित्य र सामाजिकताको अन्तर्सम्बन्धको खोजी गर्छ । यो सदैव एक सामाजिक वर्गको दृष्टिकोणका रूपमा रहेको र प्रायः वैचारिक रूपमा अभिव्यक्त भएको हुन्छ । यो समयअनुसार परिवर्तन हुने भएकाले यो सार्वकालिक र सर्वदेशीय हुँदैन (गोल्डमान, सन् १९८०, पृ. ११३) । उनले समाजशास्त्रीय दृष्टिबाट समाजलाई सांस्कृतिक, सामाजिक तथा सौन्दर्यात्मक सम्बन्धको खोजी गर्ने क्रममा समाजशास्त्रीय वैचारिकता, सङ्घर्ष र दृढताकै उपज (पाण्डेय, २००६, पृ. १४७) का रूपमा विश्वदृष्टिको मान्यता स्थापित भएको हो । गोल्डमानका वैचारिक मान्यताका तीन स्रोतहरू लुकाजको प्रारम्भिक चिन्तन, पियाजेको मनोविज्ञान र संरचनावाद हुन् । विश्वदृष्टि दर्शन, कला र साहित्य आदिमा प्रकाश्य हुन्छ तथापि यसको आन्तरिक तहमा रहको चेतना र विचारको बीज र सोअनुसारको मूल एउटै हुन्छ । यसले एउटा कालखण्डको खास वर्गको विचार, अनुभूति र सोहीअनुसारका विचारलाई समेटेको हुन्छ । गोल्डमानले मानिसका सामाजिक आबद्ध र विचार तथा कलाका माध्यमबाट अभिव्यक्त विश्वदृष्टिको ठोस रूपलाई कृतिभित्रबाट खोज्नु आवश्यक मानेका छन् । (पाण्डेय, २०७३, पृ. १९) । कृतिमा रहेको विश्वदृष्टिले समाजमा अस्तित्वमा रहेका खास वर्गको वा समान किसिमका समूहको विचार र चेतनाको प्रतिनिधिका रूपमा कार्य गर्छ । गोल्डमानले आफ्नो विचारलाई खास गरी मार्क्सवादी समाजशास्त्रीय सिद्धान्तहरूसँग जोडेर साहित्यलाई सामाजिक र वर्गीय संरचनाका आधारमा विश्लेषण गरेका छन् । यस्तो विचारको प्रारूप तथा समाज र साहित्यको अन्तर्सम्बन्धको खोजी गर्ने क्रममा गोल्डमानले समानधर्मिता र सामूहिक विचारको अवधारणाको अघि सारेको देखिन्छ ।

## समानधर्मिता

समानधर्मिता भनेको समाज जस्तो छ, त्यस्तै समान गुण,ा रूप, धर्म भएको कृतिको निर्माण गर्नु हो । समानधर्मिता (Homology) साहित्यिक कृतिहरू र समाजका विशेष संरचनाहरूबीचको समानता वा मिल्दोजुल्दो सम्बन्धलाई बुझाउने साहित्यिक मान्यता हो । प्रसिद्ध समाजशास्त्री र साहित्य आलोचकका हैसियतले गोल्डमानले समानधर्मिताको विचारलाई साहित्य र समाजको संरचनात्मक सम्बन्ध बुझाउन प्रयोग गरेका हुन् । उनका अनुसार लेखकले सिर्जना गरेको साहित्यिक संसार र समाजको संरचना बीच समानतालाई समानधर्मिता भनिन्छ । साहित्यिक कृतिमा प्रयोग भएका संरचनाहरू र समाजमा रहेको वर्ग, विचारधारा तथा सामाजिक संरचनाहरूमा समानता जति धेरै भयो उति कृति उत्कृष्ट मानिन्छ । लुसियान गोल्डमानको समानधर्मिता (Homology) सिद्धान्तको विकास उनले साहित्यिक र समाजशास्त्रीय विश्लेषणका लागि गरेका हुन् । गोल्डमानका अनुसार साहित्यिक कृति भनेका व्यक्तिगत रचनात्मकता मात्र नभई सामाजिक संरचनाहरूको प्रतिबिम्ब हुन् । यसले साहित्यलाई व्यक्तिगत अनुभूति नभई समाजका परिस्थितिगत पक्षसँग प्रत्यक्ष साक्षात्कार गर्न लेखकलाई प्रोत्साहित गर्छ र साहित्यमा अभिव्यक्त विचार र संरचनाहरूलाई समाजका राजनीतिक, सांस्कृतिक र आर्थिक विचार र सरचनासँग एकाकार गरेर साहित्यलाई समाजको ऐना वा आलोचना गर्ने माध्यमका रूपमा बुझ्न मद्दत गर्छ ।

## सामूहिक विचार

समाजमा रहेका कुनै एक व्यक्तिको व्यक्तिगत विचार नभएर सामयिक वर्गगत वैचारिक मान्यता नै सामूहिक विचार हो । सामूहिक विचार (Collective Consciousness) भनेको समाजमा रहेका विशेष वर्ग वा समूहको सामूहिक मानसिकता वा चेतना हो, जुन वर्गीय अनुभव र सामाजिक

संरचनाका आधारमा विकसित भएको हुन्छ । गोल्डमानले कुनै साहित्यिक कृतिको अध्ययन गर्दा त्यसमा निहित विचार, मूल्य र चेतनालाई लेखकको व्यक्तिगत भावनाका रूपमा नहेरी लेखकको वर्ग वा समूहको सामूहिक चेतनाको प्रतिबिम्बको रूपमा हेर्नुपर्ने मत अघि सारेका छन् । यसरी गोल्डमानले सामूहिक विचारको मान्यतालाई सामाजिक संरचनाको अध्ययनको रूपमा प्रस्तुत गर्दै समाजका विभिन्न वर्गहरूले विशेष विचारधाराहरूको विकास गर्ने र साहित्यकारले यी सामूहिक विचारलाई आफ्ना कृतिहरूमा व्यक्त गर्ने हुनाले कृतिमा लेखकीय समान वर्गका चेतनाको सशक्त प्रतिबिम्बन हुने बताएका छन् । साहित्यिक कृति समाजका सामूहिक विचारहरूको सुसङ्गत अभिव्यक्ति हो (गौतम, २०५९, पृ. २७) । सामूहिक विचारको सिद्धान्त अनुसार कुनै साहित्यिक रचना लेख्न प्रेरित गर्ने विचार केवल लेखकको व्यक्तिगत दृष्टिकोण मात्र होइन, त्यो लेखकले प्रतिनिधित्व गर्ने समाजिक वर्गको सामूहिक विचारको प्रतिविम्ब मानिन्छ । अतः सामूहिक विचार भनेको कृतिमा प्रसारित विचारको सामाजिक तथा सामूहिक भावना हो । कलाले विश्वबोध गराउनका साथै लेखकका विचार उसकै समूहका विश्वबोध अर्थात् जीवनजगत्सम्बन्धी लेखकीय समूहका सामूहिक विचार मानिन्छन् । यस अवधारणाले साहित्यलाई सामाजिक यथार्थको प्रतिबिम्बको रूपमा बुझ्न लेखकको समाजको प्रवक्ता हुने भूमिकाको पनि खोजी गर्छ । यहाँ समानधर्मिता र सामूहिक विचार दुवै कथाको विश्लेषणका सन्दर्भमा प्रयुक्त रहेका छन् ।

## अध्ययन विधि र सामग्री

प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । विश्लेषणका लागि प्राथिमक वा आधार सामग्रीका रुपमा लिइएको कपिलदेव लामिछानेको *अणिमा* लघुकथा स्वेच्छिक चयन हो भने यसबाट विश्वदृष्टिका आधारमा स्थूल र सशक्त रहेका लघुकथाहरुलाई सोद्देश्य रुपमा विश्लेषणका लागि प्रयोग गरिएको छ । मूलतः वर्णनात्मक विधिबाट सामग्रीको विश्लेषण गरिएको यस लेखमा पाठमा आधारित भएर विषयविश्लेषण गरिएको छ । लुकथाका पाठबाट लिइएका उदाहरणमा निहित प्रमाणका आधारमा ती कथामा रहेको समानधर्मिता र सामूहिक विचारको यहाँ विश्लेषण गरिएको छ । विश्वदृष्टिअन्तर्गत यहाँ समानधर्मिता र सामूहिक विचार गरी दुई ओटा सूचकका आधारमा चयनित सङ्ग्रहका लघुकथाको विश्लेषण गरिएको छ ।

## विश्वदृष्टिका आधारमा *अणिमा* का लघुकथाको विश्लेषण

"*अणिमा*का कथामा विश्वदृष्टि" शीर्षकको प्रस्तुत लेखमा यहाँ गोल्डमानका विश्व दृष्टिगत चिन्तनभित्रबाट समानधर्मिता र सामूहिक विचार गरी दुईवटा सूचकका आधारमा लघुकथाहरूको विश्लेषण गरिएको छ ।

### लघुकथामा रहेको समानधर्मिता

*अणिमा*का कथामा तत्कालीन समाजमा रहेका मानवीय प्रवृत्ति र नेपाली समाजका विचार, सोच र त्यसको प्रतिक्रियामूलक सामाजिक चिन्तनको समानधर्मिता देखिन्छ । समाजमा मानिसलाई बाँचुन्जेल असल गुणको कुनै प्रशंसा नगर्ने तब जब मृत्यु हुन्छ, तब प्रशंसा गर्ने वा स्तुतिगान नै गाउने नेपाली सामाजिक परम्परालाई यहाँका कथाले उठाएको छ । 'घर, घाट र मान्छे' लघुकथाको तलको उदाहरणले मान्छेको मरणोपरान्त प्रशंसा गर्ने यही आडम्बरी स्वभावलाई स्पष्ट पार्छ :

"उनी साह्रै असल थिए । कहिल्यै कसैसँग झगडा भएको थाहा छैन । "

"उनले कहिल्यै कसैको कुभलो चिताउनसम्म पनि चिताएनन् ल ।"

"उनले लि खोलेर सबैलाई सहयोग गरेथे । त्यस्तो पो मान्छे !"

"त्यही भएर त म भन्छु, के लिएर आएका थियौँ अनि के लिएर जान्छौँ । कमाएको सबै यहीँ रहन्छ । एक छिनको त तँ र म म मात्र । ...बित्थामा !" (पृ. १२)

माथिको उदाहरणमा छिमेकीको प्रगतिमा मान्छेको जीवन मान्छेले अरुका गुण अवगुण प्रस्तुत गर्न नचाहेको र अर्को व्यक्तिको उन्नतिप्रगति र समृद्धिको कामना गर्न नसकेको भेटिन्छ जब कुनै व्यक्ति शाश्वत् सत्य मृत्युवरण गरिसक्छ तब ऊ असल व्यक्तित्व थियो भनेर गुणगान गाइरहने नेपाली समाजको सामान्य गुण माथिको उदाहरणमा स्पष्ट देखिन्छ ।

मान्छे सामाजिक प्राणी हो । उसले घरपरिवार, समाज, गाउँ, राष्ट्रलाई अथाह प्रेम गर्छ । कुनै पनि व्यक्ति आफ्नो कार्य सकेर गन्तव्यमा घर पुग्छ । जीवनको अन्तिम क्षणमा समेत मान्छे आफ्नै घरमा मर्न चाहन्छ । 'आरक्षण' कथाको तलको उदाहरणले नेपालीहरूको राष्ट्रप्रेम, प्रकृति प्रेम र गृहस्मृतिलाई स्पष्ट पारेको छ, जस्तै :

उनलाई पुनः क्लिनिकभित्र लैजान सकिनसकी उठाइन् । उनले बडो मुस्किलले भने- "मलाई यहाँभित्र नलैजाओ । बरु घरमै लैजाओ । म मर्नु-मर्नु घरमै मर्छु । " (पृ. १२)

माथिको उदाहरणमा उनी पात्र बिरामी हुनु, हस्पिटल पुग्नु, डाक्टरसँगको स्वास्थ्य देखाउन नमान्नु र मरे पनि आफ्नै घरमा मर्छु, घर लैजाऊ भन्ने भनाइमा समाजसँगको समान धर्म प्रस्तुत भएको छ । मान्छे जीवनको अन्तिममा आफ्नै घरमा पुग्न चाहन्छ भन्ने सामाजिक सत्य यस कथामा देखिन्छ । यस्तो सत्य वा वैचारिक चिन्तन नेपाली समाजमा बस्ने आम नेपाली मानिसहरूले सोच्ने सोच वा चिन्तनको प्रतिबिम्ब मानिन्छ ।

राज्यको धनराशिको खर्च योजनामा राख्ने तर वास्तविक कामका लागि खर्च नगर्ने प्रचलन नेपालमा रहेको छ । त्यही सत्यतालाई तलको उदाहरणले स्पष्ट पार्छ :

> कार्यक्रम पास भयो । सबै आआफ्नो तयारीमा जुटे । सचिव असिनपसिन भइरहे । उनको ओठमुख सुक्यो । उनकै संयोजकत्वमा ठुलो धनराशि खर्च गरेर सहिदपार्कमा सयभन्दा बढी विरुवा रोपिएका थिए । संरक्षणका लागि प्रतिविरुवा तीन हजारका दरले खर्च भइसकेको थियो । वृक्षरोपणको आरम्भ गर्दै मन्त्रीले अर्को साल यहाँ पूरै हरियाली हुनुपर्ने निर्देशन दिएका थिए । तीमध्ये त्यहाँ अहिले एउटा विरुवा पनि थिएन । ठुटो न बुटो । (पृ. १५)

माथिको उदाहरणमा राज्यको तर्फबाट हरियाली बगैंचा निर्माण गर्ने योजना बन्नु, मन्त्रीको निर्देशनअनुसार सचिवले काम नगर्नु, मन्त्रीले गत सालको वृक्षरोपणको नतिजा हेर्न जाने भन्नु, सचिवले मन्त्रीलाई नयाँ काम गर्ने सल्लाह दिनु, मन्त्री अवलोकनमा जानु वृक्षरोपण नहुनु तर वृक्षरोपण भएको हरियाली देख्नुले देशमा भ्रष्टाचार र कुशासन मौलाउँदै गरेको कुरा कथाभित्र चित्रण भएको छ । जनताबाट उठाइएको करले राज्यमा सही न्याय नपाएको सामाजिक यथार्थलाई कथाले प्रस्तुत गरेको पाइन्छ ।

सामाजिक, सांस्कृतिक, आर्थिक तथा व्यक्तिका व्यक्तिगत अनियन्त्रित चाहनाका कारण समाज भ्रष्टपथमा अगाडि बढिरहेको वास्तविकतालाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

उसले मुसुक्क हाँस्दै भनी - "मुला पुलिस, कसरी छक्कियो देखिस् । यस्ताले के गर्लान् नियन्त्रण ? ...अँ, तिनीहरू फेरि पनि आउन सक्छन् । आजको काम सकिइहाल्यो । जाऊँ यार...। अँ, अब त तँ आफ्नै बेसमा हिँडे हुन्छ ।"(पृ. १७)

माथिको उदाहरणमा होटलमा वेश्यावृत्तिको समाचार फैलिनु, पुलिसले खै गर्नु तर वेश्यावृत्तिको वास्तविक तथ्य छलिनुले सामाजिक समानधर्मिता देखिन्छ । वर्तमान समयमा सहरबजारभित्र मौलाएको वेश्यावृत्ति नेपाली समाजिक, सांस्कृतिक, नैतिक पक्षमा नकारात्मक असर परेको कुरा कथाभित्र भेटिन्छ । नेपालीहरूले आफ्नो सांस्कृतिक मूल्य मान्यता र सामाजिक संस्कार विपरीत कार्य गरिरहेको पनि यहाँ देखिन्छ । वेश्यालय राख्ने, सञ्चालन गर्ने वा जानीजानी लगानी गर्ने वा सहभागी हुने तथा यसको उद्देश्यका लागि स्थान प्रदान गर्ने वा भाडामा दिने सबै दोषी हुन् (१९४९, धारा २) । विश्वदृष्टिले निश्चित वर्गको कर्मचिन्तन, विचार र भावनाको समग्रता र त्यस समूहको विचारको प्रारूपलाई बुझाउँछ (गोल्डमान, १९८०, पृ. ११-१२) । यहाँ समाजमा रहेको आडम्बरी प्रवृत्ति र समाज गलत काम गर्ने मानिस हरूले पनि सरकार र प्रशासनको आँखा छलेर त्यस्त काम गरिरहेको समाजको वास्तविकतासँग माथिको उदाहरणमा रहेको तथ्यको साधर्म्य रहेको छ ।

वर्तमान समयको मान्छे लोभी र पापी छ । ऊ आफ्नो स्वार्थपूर्तिका लागि अरुबाट सहयोग लिन तयार हुने तर आफ्नो काम पूरा भएपछि अरुका लागि सहयोग नगर्ने प्रवृत्तिको छ । यस कुराको पुष्टि तलको उदाहरणले प्रस्तुत गरेको छ :

> समातेको हाँगो नुग्यो र लाछिएर झऱ्यो । म भुङ्ग्रोमा फ्यात्त खसेँ । "खस्यो !" पर कतैबाट आवाज आयो । आवाजमा दर्द र संवेदना थिएन । त्यो आवाज तिनै सहकर्मीको थियो । जजसलाई मैले ज्यान हत्केलामा राखेर फल झारिझारी ख्वाएको थिएँ । (पृ.२०)

माथिको उदाहरणमा म पात्र भोकले ग्रस्त हुनु, जङ्गलमा अजङ्गको रुखमाथि चढ्दा रुखले दरफर्याउनु रक्ताम्य हुनु र साथीहरूलाई फल टिपेर खुवाउनु, जंगलमा डडेलो लाग्नु र म पात्र संकटमा पर्नु, हागो लाछिएर भुङ्ग्रोमा झर्नु तथा साथीहरूबाट केही सहयोग नपाउनु जस्ता घटनाले मान्छे स्वार्थले भरिपूर्ण छ भन्ने देखिन्छ । नेपाली उखान विपत्तिमा कोही छैन साथीभाइ भनेझैँ पनि यहाँ देखिन्छ मान्छेमा अरुलाई पर्दा पछाडि सर्ने प्रवृत्ति यहाँ देखिन्छ ।

आर्थिक र सामाजिक रूपमा सभ्रान्त वर्गले निम्न वर्ग निमुखामाथि गरिने अमानवीइ र आपराधिक प्रवृत्ति कतिसम्म हद नआएको हुन्छ भन्ने कुरालाई तलको उदाहरणले देखाएको छ :

> ऊ झस्कियो । नसोचेको हुन लागेको रहेछ । निक्लनका लागि छट्पटाउन खोज्यो । उसलाई रिँगटा आयो । उनले कोदालाले उसको टाउकोमा ट्याङ्ग हाने अनि वरिपरीको खनुवा माटोले उसलार्य छोपिदिए । खाल्डो पुरियो । माथिबाट एउटा छपनीले ढ्याप्प अँठ्याएर लामो सास फेरे । उनले पिच्च थुके- "हक खोज्न लुकिलुकी बैठकमा गा'को रे ! हँ !! (पृ. २४)

माथिको उदाहरणमा मुखियाले हर्केलाई प्रशंसा गरी गरी खाल्डो खन्न लगाउनु, हर्के मुखियाको निर्देशनबमोजिम खाल्डो खन्दै जानु र अन्त्यमा उसैले खनेको खाल्डोमा मुखियाद्वारा पुरिनु, मुखियाद्वारा हर्के पुरिएको ठाउँमा थुक्नु र हक खोज्न लुकीलुकी बैठकमा गा'हैन भन्नुले सामाजिक समानधर्मिताको स्थितिलाई चित्रण गरेको देखिन्छ ।

नेपालमा सरकारको कार्यकारी संयन्त्र निष्पक्ष, तटस्थ र सुशासनयुक्त बन्न नसकेको तथ्यलाई तलको उदाहरणले स्पष्ट पार्छ :

> समाचारले भनेको सचिवले भ्रष्टाचार गरेछन् । कुन चाहिँ त अख्तियारमा परेछन् । त्यस्तो सचिव म हुन्नँ । त्यस्तो आसिक चाहिन्न ।" "सबै त्यस्ता हुन्नन् कि !"... उनले भने- "आज त बाबुलाई असल मान्छे हुने आसिक पो दिने हो । (पृ. २६)

माथिको उदाहरणमा दशैंको समय हुनु, बाबु राम्रा लुगा लगाएर बस्नु तर टीका ग्रहण गर्न नमान्नु, कारण सचिव हुने आशीर्वाद पाउनु सचिवलाईअख्तियार गिरफ्तार गर्नु जस्ता घटनाले सरकारी प्रशासनको वास्तविकतालाई देखाएको छ । नेपालमा भ्रष्टाचार मौलाएको, कर्मचारीतन्त्रले सेवामुखी तटस्थ, निष्पक्ष सामाजिक न्यायका आधारमा जनतालाई सेवा दिन नसकेको तत्कालीन वास्तविकतालाई कथाले स्पष्टसँग देखाएको देखिन्छ ।

नागरिकले सामान्य दैनिक मानवीय आवश्यकता प्राप्त नगरेको र उनीहरू शिक्षा, स्वास्थ्य जस्ता सुविधाबाट समेत वञ्चित हुनुपरेको अवस्थामा उनीहरूका उत्पन्न भएको आक्रोश र निराशालाई लामिछानेका कथामा कलाात्मक चित्रण गरिएको छ । राज्यले जनहितका लागि सेवाप्रवाह र सामाजिक न्याय प्रदान गर्न नसकेको नेपाली समकालीन वास्तविकता र सर्वसाधारण नागरिकले हड्तालका नाममा मृत्युवरण गर्न बाध्य हुनुपरेको स्थितिलाई 'लापर्बाही' कथामा रहेको तलको उदाहरणले स्पष्ट पार्छ :

> यहाँ तेरी आमा मर्दै छ । तँ हड्ताल भन्छस् । मैले गाउँदेखि एम्बुलेन्समा दौडाएर यहाँसम्म ल्याइपुऱ्याएँ । लौ न छिटो गर् ! उपचार नपाए त तैँले आमा भन्न पाउँन्नस् । यो कस्तो लापरबाही हो ? यस्त लापरबाहीलाई त आजीवन कैद गर्नुपर्छ...। (पृ. ३३)

माथिको उदाहरणमा उनी बिरामी पर्नु, डाक्टरको हडताल हुनु, डाक्टर कि आमा मर्ने अवस्थामा पुग्नु, उपचार नपाउनु, राज्यले डाक्टरको समस्यालाई तत्काल सम्बोधन गर्न नसक्नु, राज्यको चरम लापरवाही हुनुले समाजको वास्तविक अवस्था बोध हुन्छ । स्वास्थ्य सेवा ग्रहण गर्न नसकेको तत्कालीन परिस्थिति र यसभित्र भएका नागरिक सोच र गतिविधि यहाँ स्पष्ट भएको छ ।

नेपाली समाजमा छोरीले घर छोड्न नमिल्ने भन्ने रूढीगत मान्यता रहेको छ । सामाजिक नियम र बन्धनले महिलामाथि नियन्त्रण गरेको वास्तविकतालाई तलको उदाहरणले स्पष्ट पार्छ :

"कहाँ गएकी हो ? कतिखेर गएकी हो ?" श्रीमतीलाई प्रश्न बर्साए । प्रहरी कन्ट्रो रुममा खबर गरे । उनी तल आँगनमै यताउति गर्दै खबर लिँदै थिए । (पृ. ३५)

माथिको उदाहरणमा टिभीमा बलात्कारका घटनाहरू आउनु, मन्त्रीले बलात्कारका घटना सामान्य मान्नु, मन्त्री अबेला घर पुग्नु, छोरी घरमा नहुनु, मन्त्रीले खोजी गर्दा छोरी बलत्कृत भइसक्नु, अपराधी भागिसक्नु, मन्त्रीले अपराधीलाई फाँसी दिन्छु भन्ने भनाइ अभिव्यक्त गर्नुले नेपाली समाजको सामाजिक वास्तविकता प्रस्तुत भएको छ ।

## लघुकथामा रहेको सामूहिक विचार

'*अणिमा*' लघुकथामा मान्छेले मान्छेलाई गरेको शोषण र उत्पीडनका कारण उत्पीडितहरूको आवाज र सङ्घर्षको चेतना रहेको देखिन्छ । 'प्रतिशोध' कथामा समाजमा उच्च तथा शोषक वर्गले निम्न तथा शोषित वर्गमाथि गरेको दमनका कारण तल्लो वर्ग हेपिएको र शोषित रूपमा रहेको तिक्त यथार्थका माध्यमले यस्ता हदैसम्मको शोषण र दमनका कारण समाज प्रतिकार र सङ्घर्षमा उत्रिनु

परेको वास्तविकता अभिव्यक्त गरेको छ र यस्तो वास्तविकताको अन्तर्यमा शोषित, दमित र उत्पीडित निम्न वर्गको सङ्घर्ष र प्रतिकारसम्बन्धी सामूहिक विचार विश्वदृष्टिका रूपमा रहेको देखिन्छ । सत्ता र शक्तिको आडमा उच्च, सभ्रान्त वर्गको दमन र शोषणको अतिक्रमण भएपश्चात वर्गसत्ता कसरी परिवर्तन कसरी हुन्छ भन्ने वास्तविकतालाई तलको उदाहरणले स्पष्ट पारेको छ :

> उसले कोदालाले उनको टाउकोमा ट्याङ्ग हान्यो अनि ढुक्कले माटोले पुरिदियो र लामो सास फेऱ्यो । पुरिसकेपछि ऊ त्यहीँमाथि टुक्रुक्क बस्यो र मुत्रत्याग गऱ्यो अनि भुतभुतायो- "म सानै छँदा मेरा बालाई यसरी नै पुऱ्याथिस् रे !" (पृ. ४२)

माथिको उदाहरणमा मुखियाले पुन्टेलाई खाल्डो खन्न लगाउनु, पुन्टेलाई असल छस् भन्दै खाल्डो खन्न प्रेरित गर्नु, मुखियाले पुन्टेलाई खाल्डोमा झार्न खोज्नुका कारण पुन्टेका बुबालाई मुखियालाई नै माटोमा पुरेर मारेको हुनु, पुन्टेले मुखियालाई टाउको मानेर मार्नु, माटो पुर्नु, त्यही माटोमाथि टुक्रुक्क बस्नु, मेरो बाबालाई यसरी नै पुऱ्याथिस् रे भन्नुले दमन र शोषणको अतिक्रमणले सत्ता कसरी परिवर्तन हुन्छ भन्ने कुरा देखाएको छ । उच्च वर्गले आफ्नो वर्गहितका लागि आफ्नो उच्चवर्गीय वर्चस्व कायम राख्ने निम्न वर्गले त्यसको प्रतिरोध गर्दै आफ्नो वर्चस्व स्थापित गर्ने प्रयत्नस्वरूप सङ्घर्ष गर्छ (भट्टराई, २०७७, पृ. ४) । समाजमा उत्पीडनको कार्यले सीमा नाघेपछि निम्न वर्गमा कसरी चेतना जागृत हुन्छ भन्ने वर्गीय विचार यहाँ प्रस्तुत भएको छ ।

वर्तमान समयमा युवा वर्ग विदेश पलायन हुने आफ्नो संस्कार संस्कृति भुल्ने र विदेशमा नै भासिन पुगेको तथ्यलाई तलको उदाहरणले स्पष्ट पार्छ :

> खै पहले त यही दशैंमा आम्छु भन्थ्यो । दशैं आएपछि अर्को दशैं पो भन्छ । हुनसम्म खल्लो भो नि दशैं । ठुलोचाहिँ अझै दुई वर्ष आउन्न रे । खे के खै के ! साह्रै उराठ भा'छ । कति दुःख गरेर हुर्काएँ । (पृ. ४४)

माथिको उदाहरणमा नेपालबाट विदेश पलायन भएका सन्तान हरू उतै रमाउने, हराउने र परिवारको वास्ता नगर्ने प्रवृत्ति र यसका कारण गाउँसमाज उराठलाग्दो भएको छ भन्ने सामूहिक विचार यहाँ रहेको देखिन्छ । दशैंमा आउँछु भन्नु तर नआउनु अर्को छोरा पनि दुई वर्षदेखि नआउनु, उराठको अनुभव गर्नु जस्ता तथ्यबाट

राज्यले समयमा कानुन नबनाउने, अपराध प्रमाणित नगराउने, ढिलासुस्ती गर्ने र अपराधीलाई उन्मुक्ति दिने तत्कालीन वास्तविकतालाई तलको उदाहरणले पुष्टि गरेको छ :

उनी बोल्दै थिए । बिचैमा छोरी उफ्री । भनी-"त्यति सबै गरी पुऱ्याउँदा त अपराधी आफ्नै कालगतिले मरिसक्छ । तबसम्म उसले यस्ता अपहरण, बलात्कार र हत्या कति गर्छ कति ।" (शिक्षा, पृ. ४७)

'शिक्षा' कथाबाट लिइएको माथिको उदाहरणमा बलातात्कारमा परेकी छोरीले अपराधीले फाँसी पाउनुपर्छ भन्नु तर बाबुले अपराध पुष्टि नभई फाँसी दिनुहुन्न भन्नुले सरकारी प्रक्रियामुखी कानुनका कारण वास्तविक अपराधीले समयमा दण्डसजाय नपाउँदा अन्य आपराधिक क्रियाकलाप बढ्नु र अपहरण, हत्या बलात्कारले प्रश्रय पाउँछ भन्नु समाजका साझा विचारका रूपमा रहेका छन् । अर्कोतिर ढिलो न्याय दिनु भनेको न्याय नदिनु हो भन्ने मान्यताका आधारमा हेर्दा पनि राज्यमा रहेको ढिलासुस्तीका कारणले समाजमा अपराधजन्य क्रियाकलाप बढेको सामूहिक विचार यस कथामा स्पष्ट पारिएको छ ।

विश्वमा आएको महामारी कोभिड १९ ले शारीरिक स्वास्थ्य रही बाँच्नका लागि दूरी व्यवस्थापन तथा जनसम्पर्कका नियमहरू कडा रूपमा पालन गराएको थियो । यस कुराको प्रमाण तलको उदाहरणबाट पाइन्छ :

भक्तले पुनः भने- "त्यो त हो, तर डाक्टरले भनेको भनी यतिखेर भिडभाडमा नजानू, कसैसँग हात र गला नमिलाउनू, घरैमा बस्नू, अभक्ष नखानू भन्दै खुब प्रचार भइरहेको छ ।"(भगवान्, पृ. ५७)

माथिको उदाहरणमा धर्मगुरुले उपदेश दिनु, एक भक्तले कोरोना जीवाणुले मानवीय क्षति गरिरहेको छ भन्नु, धर्मगुरुले भगवानले बचाउँछ भन्नु, भक्तले डाक्टरको सल्लाह भिडभाडमा नजाने कसैसँग हात नमिलाउने घरैमा बस्ने हात धुने जस्ता सामूहिक भाव तथा विचारको प्रकटीकरण भएको भेटिन्छ । मानवीय संकट र क्षति रोकथामका लागि व्यक्तिगत रूपमा सुरक्षित बस्नुले रोग सर्नबाट रोकिने सत्य कथाबाट स्पष्ट खुलाइएको छ ।

गाउँको जनजीवन सरल र सहज हुन्छ र गाउँको हावापानी स्वच्छ हुन्छ । गाउँमा इमान र इज्जतले कमाइ हुन्छ तथापि मानिस सहरको सुखले तानिएर सशर पसेको कुरा प्रतीकात्मक रूपमा कथामा प्रस्तुत गरिएको पाइन्छ । लासहरूको वार्ताका सापेक्षमा तत्कालीन कोरोनाको महामारीले गाउँभन्दा सहरलाई बढी आक्रान्त पारेको र सहरको भिड र सुविधाको प्राप्तिको लुछाचुँडीको यसको नियन्त्रण पनि कठिन भएको हुनाले यस्तो देखिएकोतर्फ पनि 'नयाँ अवतार' कथामा रहेको तलको उदाहरणले स्पष्ट पार्छ :

"गाउँगाउँ जाने नि । त्यहाँ स्वच्छ हावापानी छ । इमानको कमाइ छ ।"..."त्यसो भए सहर तिरै जाऊँ, जहाँ सम्पन्न्ता छ, समृद्धि छ, सुख छ, सुविधा छ र जहाँ हामीलाई अनुकूल छ ।"(पृ. ६१-६२)

माथिको उदाहरणमा कोरोनाको महामारीमा मरेका लासहरूको वार्तालापबाट प्रस्तुत विषयमा सामयिक भावना अभिव्यक्त भएको पाइन्छ । गाउँमा स्वच्छ हावापानी, स्वस्थ जीवन, सहयोग, माया, दया, सद्भाव, प्रेम, इमानदारिता र इज्जत रहेको हुन्छ र सहर सुखसुविधाले सम्पन्न र समृद्ध भएको हुनाले गाउँ र सहर रोज्नेमा भएको वार्तालापबाट नेपाली समाजमा रहेको दुई थरि दृष्टिकोणको प्रतिबिम्ब देखिएको छ । गाउँको सरलता र वातावरणगत स्वच्छता भए पनि मान्छे सुविधाका लागि सहरतिर दौडिरहेको हुनाले यस्ता महामारीले सहर बढी आक्रान्त भएको देखाइएको छ । माथिको उदाहरणमा गाउँ भनेको दुःख पर्दा र आपत्‌मा मात्र सम्झिने आम नेपाली चिन्तन र विचारको समष्टी देखिएको छ ।

कोभिड १९को महामारीको समयमा रोग सर्ने डर, त्रास अत्यधिक रूपमा रहेको थियो । महामारीबाट बच्नको लागि कोरोना बिरामीलाई अपराधी चाहिँ मानिन्थ्यो भन्ने कुरा "कोरोना होइन, करुणा । ऊ त मेरी छोरी हो ?" मैले प्रस्ट पारेँ । (करुणा, पृ. ६२) भन्ने वाक्यबाट स्पष्ट हुन्छ । माथिको उदाहरण २१ मा म पात्रले प्रहरी बोलाउनु कोरोनाको बिरामी खोज्दै उहाँ पात्रको घरमा प्रहरी आउनु, म पात्रले कोरोना भनेको सुन्नु तर उहाँ पात्रले आफ्नै छोरी करुणालाई बोलाएको हुन्छ । मान्छेमा डर त्रासको मनस्थितिमा त्यत्तिकै डराउँछ । त्यो मानवीय स्वभावजन्य विषय हो भन्ने वास्तविकता यस कथामा पाइन्छ । यसबाट कोरोनाको महामारीले संसारका मानिसलाई त्रासको सञ्चार गराएको र यसको कारण नेपालमा पनि त्रास र भयको वातावरण सिर्जना भएको तथ्यलाई 'करुणा' कथाको म पात्रको आशङ्का र प्रहरीमा उजुरी गरेको माथिको प्रसङ्गले स्पष्ट पारेको छ ।

कोभिड १९ को महामारीले मानवीय क्षति र संकट निम्त्याएको थियो । यसको प्रभाव नेपालमा प्रत्यक्ष रूपमा करिब दुई वर्ष र अप्रत्यक्ष रूपमा आजम्म पनि परिरहेको अवस्था रहेको छ । यस

कथामा कोरोनालाई हेर्ने र बुझ्ने नेपालीको कुनै भिन्न दृष्टिकोण नभएको हुनाले विश्वव्यापी रूपमा जे सुगारटान गरिएको छ, त्यसैको पालना नै नेपालीको पनि वाध्यता भएको तथ्यलाई यहाँ कलात्मक रूपमा चित्रण परिएको छ । यस विषयमा एकातिर असत्य र भ्रमको पछि लागेर त्रास बोकेर हिँड्नु व्यर्थ हुने सत्यता र अर्कोतिर आफ्नो हावापानी र वातावरण तथा स्थानीय परिस्थितिका आधारमा कोरोनाका समयमा व्यवहार गर्नुपर्नेमा त्यसो नभएको र सामाजिक दुरीका नाममा मान्छे एकअर्कासँग टाढा भएको भन्दै भौतिक दुरीका साथ सामाजिक सन्बन्धमा प्रगाढता आवश्यक रहेको विचार पनि यहाँ अभिव्यक्त भएको छ ।

## निष्कर्ष

*अणिमा* का कथाहरूमा मान्छेभित्र रहेको कुवृत्ति र अन्य व्यक्तिको उन्नतिप्रगति देख्न नचाहने सामाजिक दृष्टिकोण अभिव्यक्त भएको छ । मान्छे सामाजिक प्राणी भएकाले उसले आफ्नो जीवनको अन्तिम घडीमा गृहप्रतिको मोह अभिव्यक्त गर्छ भन्ने दृष्टिकोण यहाँ पाइन्छ । देशमा विकृति, विसङगति र भ्रष्टाचारका कारण सुशासन कायम हुन नसकेको र यसका कारणले जनताले दुःख पाएको तथा सरकारको सही अनुभूति गर्न नपाएको विचार यहाँ अभिव्यक्त भएको छ । उच्च वर्गले निम्नप्रतिको वर्गदमन, शोषण र अत्याचार गरिरहने र निम्न वर्गले त्यसको प्रतिशोध वर्गीय विभेदको विषयमार्फत यहाँ सामाजिक विभेद र यसप्रतिको दृष्टिकोण अभिव्यञ्जित भएको छ । राज्यले सहजकारी भूमिका खेल्न नसक्दा जनताहरूले बन्द हडतालका कारण कयौं मान्छेले मृत्युवरण गर्नुपरेको सत्यता नेपाली समाजमा रहेको छ । नेपालको कानुन फितलो र ढिलासुस्ती हुनाले अपराधीले दन्डसजायँ नपाएको अवस्थाप्रतिका सरकारको आलोचना पनि यहाँ भएको छ । कोभिड १९ को विषयमार्फत मानिसमा आएको त्रास र मृत्युका घटना र यसले मानिसको खानपान र आचारविचारमा ल्याएको पृथकता पनि यी कथामा रहेको छ । गाउँमा इमान्दारिता तर अभाव भएर पनि मान्छे समृद्धि सुविधा सम्पन्न सहरको खोजीमा गएको र दुःखका बेलामा मात्र गाउँको खोजी गर्ने आम सामाजिक दृष्टिकोण यी कथामा राखिएको देखिन्छ । खास गरी मान्छेमा लोककल्याणकारी भावनाको ह्रासप्रतिको समान चासो, मान्छेको स्वार्थपूर्ण मानवीय स्वभाव र सुशासनसम्बन्धी दृष्टिकोणमा यी कथामा मतभेद देखिएको छैन । यसबाहेक वर्गीय समाजका दृष्टिकोण, गाउँ र सहरमध्ये कुनलाई महत्त्व दिने भन्ने विषय र कोरोना महामारीका कारण आएको त्रास र कोरोनालाई हेर्ने दृष्टिका विषयमा भने भिन्न भिन्न वर्गीय दृष्टिकोण पाइएको छ । समग्रमा नेपाली समाजमा आम रूपमा भोगिएका यथार्थ अवस्था र त्यसप्रतिको चासो र चिन्तनको दृष्टिका आधारमा हेर्दा *अणिमा* का लघुकथा प्रभावकारी रहेको पाइन्छ ।

## सन्दर्भसामग्री सूची

गौतम (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *'मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र',* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६), *साहित्यके समाजशास्त्र की भूमिका (तेस्रो संस्क.)* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पौड्याल, लतादेवी (सन् २०२२), “छापामारको छोरो कथामा विश्वदृष्टि”, *त्रिभुवन विश्वविद्यालय जर्नल* (पूर्णाङ्क -३७, अंक-१), काठमाडौँ : अनुसन्धान निर्देशनालय पृ. ४०-१५१ ।

भट्टराई रमेशप्रसाद (२०७७) *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, कपिल (२०७९), *अणिमा,* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, चन्द्रमान (२०७६), ‘उसले रोजेको बाटो उपन्यासमा विश्वदृष्टि’, अपरा, बागबजार : पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभाग, पूर्णङ्क ३. पृ. ७८-८७ ।

जिउ मास्ने-बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण दमनका लागि व्यवस्थासम्बन्धी महासन्धि- १९४९ ।

Goldmann, Lucien (1980). *Esseys on method in the Sociology of Literature.* (Ed. William Q. Boel hower) Sent Luis:Telos Press Limited.